# हरिपुर नगरपालिका

# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

### हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ५ अंक १७ २०८१ जेठ १६ गते, बुधबार

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिमको कार्यविधी प्रकाशन गरिएको छ ।

**हरिपुर नगरपालिका अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण कार्यविधि, २०८१**

कार्यपालिका बाट स्विकृत मिति २०८१/२/१६

प्रमाणिकरणमिति २०८१/२/१६

प्रस्तावनाः

हरिपुर नगरपालिका क्षेत्रभित्रका विकास योजना तथा कार्यक्रमहरु व्यवस्थित प्रभावकारी, मितव्ययी, जनमुखी एवं पारदर्शी बनाउन नगरपालिकाको अनुगमन, निरीक्षण र सुपरिवेक्षणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले, हरिपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ लेदिएको अधिकार प्रयोग गरि हरिपुर नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## <u>परिच्छेद- १</u>

## <u>प्रारम्भिक</u>

(१) संक्षिप्त नाम र प्रारम्भ यो कार्यविधिको नाम "हरिपुर नगरपालिका अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण कार्यविधि २०८१" रहेको छ। यो कार्यविधि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

(२) परिभाषा विषय वा प्रसङ्गले अकी अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **“कार्यविधि”** भन्नाले "हरिपुर नगरपालिका अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण कार्यविधि २०८१” लाई सम्झनु पर्दछ ।

(ख) **“समिति”** भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण समितिलाई सम्झनु पर्दछ । र सो शब्दले समितिले आवश्यकतानुसार गठन गरेको उपसमिति र वडा स्तरिय अनुगमन समितिलाई समेत जनाउनेछ ।

(ग) **“संयोजक”** भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन मूल्यांकन तथा सुपरीवेक्षण समितिको संयोजक र वडा समिति संयोजकलाई समेत सम्झनुपर्दछ ।

(घ) **“सदस्य”** भन्नाले यस कार्यविधि बमोजिम गठित अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण समितिका सदस्य, उपसमितिका सदस्य र वडा समिति का सदस्य समेतलाई सम्झनुपर्दछ ।

(ङ) **"सदस्य सचिव"** भन्नाले हरिपुर नगरपालिकाको योजना शाखाको प्रमुख, उपसमितिको हकमा सम्बन्धित विषयगत शाखा प्रमुख र वडा समितिको हकमा वडा सचिव समेतलाई सम्झनुपर्दछ

(च) **“आयोजना तथा कार्यक्रम"** भन्नाले हरिपुर नगर सभाबाट स्वीकृत भएका वार्षिक कार्यक्रम तथा आयोजनाहरु संघ र प्रदेशबाट विनियोजित आयोजना तथा कार्यक्रमहरु र नगरसभामा पेश भएका गैर सरकारी

संघ सस्था, गैर नाफा मूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना रकार्यक्रम लाई जनाउँदछ रसो शब्दले कार्यपालिकाको बैठक बाट निर्णय भएका आयोजना तथा कार्यकम समेतलाई जनाउने छ ।

(छ) **"कार्यालय"** भन्नाले हरिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(ज) **"कार्यपालिका"** भन्नाले हरिपुर नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्दछ

(झ) **"प्राविधिक प्रयोगशाला"** भन्नाले आयोजनाहरुको अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि सम्पूर्ण गतिविधिलाई बैज्ञानिक र प्रभावकारी बनाउन विभिन्न यन्त्र, उपकरण सहित स्थापना गरिएको हरिपुर नगरपालिका वा अन्य आधिकारिक निकायमा स्थापना भएको प्रयोगशालालाई सम्झनु पर्दछ ।

(ञ) **"बडा"** भन्नाले हरिपुर नगरपालिका भित्रका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) **"अनुगमन"** भन्नाले यस कार्यविधि बमोजिम गरिने अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि सम्पूर्ण गतिविधिलाई बुझाउनेछ । साथै सो शब्दले समितिले गठन गरेको उपसमिति र वडा समितिको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि कामकारवाहीलाई समेत बुझाउनेछ ।

(ठ) **"विषय विज्ञ"** भन्नाले हरिपुर नगरपालिका नगरकार्यपालिकाले अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी र पारदर्शी बनाउन आमन्त्रित सम्बन्धित विषयक्षेत्रका विज्ञलाई सम्झनु पर्दछ ।

(ड) **"व्यक्ति वा पदाधिकारी"** भन्नाले हरिपुर नगरपालिका नगरकार्यपालिकाले अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण कार्यलाई थप प्रभावकारी र पारदशी बनाउन आमन्त्रित नागरिक समाज, पत्रकार, सरोकारवाला, वडा सदस्य, कार्यपालिका सदस्य, वडा अध्यक्ष र नगर प्रमुख समेतलाई सम्झनु पर्दछ ।

(ढ) **"त्रिपक्षीय अनुगमन"** भन्नाले यस कार्यविधि बमोजिम गरिने अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धि कार्य गर्दा दश करोड भन्दा माथिका आयोजनाको अनुगमनमा अनिवार्य आमन्त्रण गर्नुपर्ने व्यक्ति एवं पदाधिकारीलाई आमन्त्रण गरी संयूक्तरुपमा आयोजनासंचालन गर्ने निकाय, निर्माण व्यवसायि र नियामक निकायका पदाधिकारी अनुगमन टोलीबाट गरिने अनुगमन लाई बुझाउनेछ ।

(ण) **"गुनासो"** भन्नाले हरिपुर नगरपालिकाक्षेत्र भित्र सञ्चालनमा रहेका आयोजना र कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण सम्बन्धी कार्य गर्दा प्राप्त भएका जनगुनासाहरुलाई सम्झनुपर्दछ । र सो शब्दले आम उपभोक्ता तथा नागरिकसमाजको लिखित तथा मौखिक टिप्पणी समेत लाई बुझाउनेछ ।

(त) **"उजुरी"** भन्नाले हरिपुर नगरपालिका क्षेत्र भित्रका स्वीकृत आयोजनाहरुको सञ्चालनहुँदाकावखत उपभोक्ता तथा नागरिक समाज बाट आएका लिखित निवेदन वा मौखिक सिकायत समेतलाई सम्झनु पर्दछ ।

(थ) **"अधिकारी"** भन्नाले यस कार्यविधी बमोजिम कार्य गर्दा आएका गुनासो तथा उजुरी उपर कारबाही गर्न तोकिएको कर्मचारी तथा पदाधिकारीलाई सम्झनु पर्दछ ।

(द) **"फछ्यौट"** भन्नाले यस कार्य विधि बमोजिम प्राप्तभएका गुनासो तथा उजुरी सुनुवाईगर्ने कार्यलाई सम्झनु पर्दछ ।

(घ) **"नगरपालिका"** भन्नाले हरिपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(न) **"नगर प्रमुख"** भन्नाले हरिपुर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(प) **"नगर उप-प्रमुख"** भन्नाले हरिपुर नगरपालिकाको उपप्रमुखलाई सम्झन' पर्दछ ।

(फ) **शाखाप्रमुख"** भन्नाले हरिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयका विक्षयगत शाखाका प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## कार्यविधिको पालना

(३) कार्यविधिको पालना गर्नुपर्ने नगरपालिका क्षेत्र भित्र कार्यान्वयन हुने आयोजनाको अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने अनुगमन समितिले, उपसमिति, वडा समिति र नगरपालिका कार्यक्षेत्रमा भएका विभिन्न संघसंस्था समेतले यस कार्यविधिको पालना गर्नुपर्नेछ ।

(४) सहजिकरण र सहयोग गर्नु पर्ने नगरपालिकाबाट सञ्चलित आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि अनुगमन समिति, उपसमिति, वडा समिति, पदाधिकारी वा कर्मचारीलाई सम्बन्धित आयोजना सञ्चालन गर्ने नगरपालिका, विषयगत शाखा, वडा कार्यालय, उपभोक्ता समिति, निर्माण व्यवसायी, सदस्य, वडा अध्यक्ष र नगर प्रमुख समेतले आवश्यक सहयोग गर्नका साथै आयोजनास्थल अनुगमनको लागि सहजिकरण र समन्वय गर्नु पर्नेछ ।

(५) नगरपालिका स्तरीय अनुगमन समिति सम्बन्धी व्यवस्था हरिपुर नगरसभाबाट स्वीकृत विषयगत कार्यहरुको नियमित, प्रभावकारी र व्यवस्थित अनुगमन तथा निरीक्षणका लागि देहाय बमोजिमको एक नगरस्तरिय अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगरसभा सदस्यहरु मध्येबाट नगर प्रमुखले मनोनित एक जना महिला सहित २ जना सदस्यहरु | सदस्य |
| (घ) प्राविधिक शाखा प्रमुख | सचिव |
| (ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

(६) समितिले आवश्यकतानुसार सम्बन्धित विषय विज्ञ, पत्रकार, नागरिक समाज, सरोकारवाला, वडा सदस्य, कार्यपालिका सदस्य, वडा अध्यक्ष र नगर प्रमुख समेतलाई आमन्त्रित सदस्यको रुपमा बैठक तथा स्थलगत अनुगमनमा बोलाउन सक्नेछ ।

(७) दफा (५) बमोजिमको अनुगमन समितिलाई आवश्यकता परेमा विषयगत क्षेत्र अनुसार विषयगत शाखाको प्रमुख सदस्य सचिब रहनेगरि उपसमितिहरु गठन गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम गठन भएको उपसमितिले गरेको अनुगमनमा कुनै गुनासो र उजुरी आएमा त्यसको निर्णय गर्ने अधिकार अनुगमन समिति मै निहित हुनेछ । कुनै उजुरी अनुगमन समितिले समाधान गर्न नसकेमा स्थानीय न्यायिक समितिमा वा नगर कार्यसमितिमा सिफारिसगरी पठाउन सक्नेछ ।

(९) दफा (५) बमोजिमको अनुगमन समिति र उपदफा (७) बमोजिमको अनुगमन उपसमितिको बैठक कम्तिमा महिनाको एक पटक र आवश्यकतानुसार बस्न सक्नेछ ।

(१०) अनुगमन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) नगरपालिका क्षेत्रभित्र उपभोक्ता समिति वा निर्माण व्यवसायीबाट संचालित आयोजना र कार्यक्रमहरुको समय समयमा अनुगमन गरी आवश्यक देखेमा सुझाव, परामर्श तथा निर्देशनदिन सक्नेछ र सोको अभिलेख अनुसूची (१) बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(ख) कुनै आयोजना र कार्यक्रमको विषयमा गुनासो तथा उजुरी प्राप्त भएमा त्यसको समाधानका लागि विषय विज्ञ सहित एकल वा संयुक्त रुपमा पुनः अनुगमन गरी समाधान एवं किनारा गर्ने ।

(ग) नगरपालिका क्षेत्रभित्र उपभोक्ता समिति, संघ संस्था वा निर्माण व्यवसायी बाट संचालित आयोजना र कार्यक्रमहरुको समय (समयमा अनुगमन गरी सुझाव सल्लाह तथा निर्देशन दिइ अनुदान प्रतिवेदन अनुसुची २ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(घ) प्रत्येक आयोजना र कार्यक्रम सम्पन्न भई अनुगमनका लागि अनुरोध भईआएको अवस्थामा प्राप्त सिफारिसका आधारमा अनुगमन गरी फरफारकका लागि सिफारिस अनुसूची ३ बमोजिमको ढाँचामा गर्नुपर्नेछ।

(ङ) अनुगमन समिति, उपसमिति र वडा समितिको नियमित मासिक बैठक बसी

आयोजना र कार्यक्रमको कार्य प्रगतीका बारेमा छलफल गर्ने र कुनै समस्या देखिएमा समाधानका लागि पहल गर्ने ।

(च) एक आर्थिक वर्षभित्र संचालित आयोजना र कार्यक्रमको सम्बन्धमा अनुसूची ४ बमोजिमको ढाँचामा समग्र अनुगमन प्रतिवेदन तयार गरी चौमासिक रुपमा नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(छ) अनुगमन गर्ने कार्य आयोजना र कार्यक्रमको निर्माण कार्यको जुनसुकै समयमा गर्न सकिनेछ ।

(ज) संयोजकले आवश्यक महसुस गरेमा जिल्ला अनुगमन सिमितका पदाधिकारिहरुलाई समेत आमन्त्रण गर्न सक्ने छ ।

हरिपुर नगरपालिका

(झ) नगरपालिकाको स्वीकृत वार्षीक आयोजना र कार्यक्रम बाहेक संघ तथा प्रदेश मातहतका आयोजना र कार्यक्रममा जनगुनासो प्राप्त भएमा सोको समेत अनुगमन गर्न सक्नेछ ।

(११) वडा स्तरीय अनुगमन समितिः

वडा स्तरिय अनुगमन समितिले जुनसुकै प्रकारका योजना तथा कार्यक्रम को अनुगमन गर्न सक्नेछ ।

(१) वडा भित्र संचालित आयोजना र कार्यक्रमको अनुगमन गर्नका लागि देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) वडा समितिको निर्णयले सम्बन्धित वार्डका वाड सदश्यहरु मध्येबाट एक जना महिला सहित २ जना वडा सदस्यहरु | सदस्य |
| (ग) संयोजकले तोकेको स्वतन्त्र विज्ञ | सदस्य |
| (घ) सम्बन्धित वडा सचिव | सदस्यसचिव |

(२) वडास्तरीय अनुगमन सिमितमा वडामा भएका विषयगत शाखा र निकायका प्रतिनिधिहरुलाइ समावेश गर्न सिकनेछ ।

(३) यस बमोजिम गठन भएको समितिको बैठक कम्तिमा महिनाको एकपटक र आवश्यकतानुसार बस्न सक्नेछ र उक्त बैठकबाट समितिलाई आवश्यक परेमा अन्य वडा सदस्यलाई समेत अनुगमनको जिम्मेवारी बाडफाड गर्न सक्नेछ र आश्यकतानुसार अन्य कर्मचारी आमन्त्रण गर्न सक्नेछ ।

(४) वडास्तरिय अनुगमन समितिले आवश्यकतानुसार वडामा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नेछ र यसको प्रतिवेदन मासिक रुपमा अनुगमन समितिमा अनुसूची ५ बमोजिमको ढाचामा पेश गर्नुपर्नेछ ।

(५) उपदफा ४ बमोजिम गरिएको अनुगमनको पुर्ण प्रतिवेदन प्राप्त भएपछिमात्र ग्राह्य हुनेछ यस्का लागि अनुसूचि ५ बमोजिमको अनुगमन प्रतिवेदन पूर्ण रुपमा भरी नगरपालिकाबाट प्रमाणित गरी आयोजना तथा कार्यकमका रंगिन फोटाहरु संलग्न गरी अनुसूची ६ बमोजिमको ढाँचामा रीतपूर्वकको निवेदन उपभोक्ताबाट दिनुपर्नेछ।

## परिच्छेद-३

## गुनासो तथा उज्री सम्बन्धी व्यवस्थाः

(१२) गुनासो तथा उजुरी दिन सक्नेः नगरपालिका क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको गुणस्तर, परिणाम, आर्थिक पारदर्शिता, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण सम्बन्धी सिकायत सम्बन्धित उपभोक्ता तथा नागरिक समाजले व्यक्तिगत एवं सामूहिक रुपमा गुनासो तथा उजुरी दिन सक्नेछन ।

(१३) गुनासा तथा उजुरी दर्ता प्रक्रियाः दफा १२ बमोजिम प्राप्त गुनासा तथा उजुरी सम्बन्धित वडा समितिको सचिव, उपसमितिको सदस्य सचिवको सिफारिसमा अनुगमन समितिको सदस्य सचिवले दर्ता गर्नुपर्नेछ ।

(१४) गुनासो सुनुवाई प्रक्रियाः दफा १२ बमोजिम प्राप्त गुनासा तथा उजुरीको बारेमा साप्ताहिक रुपमा सूचिकृत गरी समितिको सदस्य सचिवले संयोजक मार्फत बैठकमा पेश गर्नुपर्नेछ ।

(१५) दफा १२ बमोजिमको गुनासो सुनुवाई प्रक्रियामा समितिको छलफलबाट किनारा हुन नसकेको खण्डमा समितिले स्थानीय न्यायिक समितिमा सिफारिस गरी पठाउनु पर्नेछ ।

(१६) कुनैपनि व्यक्ति, समूह वा संस्थाले सिकायत उजुरी दर्ता गर्न अनुसूची ७ बमोजिम गर्न सक्नेछन । सिकायत मौखिक तथा टेलिफोन बाट समेत गर्न सकिने छ ।

(१७) मापदण्ड बनाउन सक्ने :

(क) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्न कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

(ख) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समिति, निर्माण व्यवसायीहरु त्या सरोकारवालासंग सुझाव संकलन गरि उपदफा (क) बमोजिमको मापदण्ड बनाउन सक्नेछ ।

## परिच्छेद ४
## समिति तथा उपसमितिहरुको सेवा सुबिधा सम्बन्धी व्यवस्थाः

(१८) समितिको सेवा सुविधा :

(क) अनुगमन समितिको बैठक अनिवार्य मासिक रुपमा बस्नुपर्नेछ र आवश्यकतानुसार थप बस्न सक्नेछ ।

(ख) समितिको बैठक भत्ता प्रति बैठक रू. १००० (एक हजार) हुनेछ ।

(ग) समितिको बैठक जतिसुकै भएपनि मासिक रुपमा तीन वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध हुनेछ । तर सुविधामा नै अनुगमन भत्ता पाउने पदाधिकारीलाइ दोहोरो भत्ता उपलब्ध गराईने छैन।

(१९) उपसमितिको सेवा सुविधा :

दफा (७) बमोजिम गठन भएको उपसमितिका पदाधिकारिहरुले निम्न अनुशारको सुविधा पाउने छन।

(क) उपसमितिको बैठक अनिवार्य महिनाको एक पटक बस्नुपर्नेछ र आवश्यकतानुसार थप बैठक बस्न सक्नेछ ।

(ख) उपसमितिको बैठक भत्ता नगर कार्यपालिकाल तोके अनुसार हुनेछ ।

(ग) समितिको बैठक बढीमा जतिसुकै बसेपनि मासिक रुपमा दुइ बैठकको मात्र भत्ता बैठक भत्ता उपलब्ध हुने छ । तर सुविधामा नै अनुगमन भत्ता पाउने पदाधीकारीलाइ दोहोरो भत्ता उपलब्ध गराईने छैन ।

(२०) वडा अनुगमन समितिको सेवा सुविधा सम्बन्धि व्वस्था

(क) समितिको बैठक अनिवार्य मासिक रुपमा एक पटक बस्नुपर्नेछ र आवश्यकतानुसार थप बस्न सक्नेछ

(ख) वडा अनुगमन समितिको बैठक भत्ता प्रति बैठक रू. १००० (एक हजार) हुनेछ ।

(ग) समितिको बैठक बढीमा जतिसुकै भएपनि मासिक रुपमा एउटा बैठकको मात्र बैठक भत्ता उपलब्ध हुने छ । तर सुविधामा नै अनुगमन भत्ता पाउने पदाधीकारीलाइ दोहोरो अनुगमन भत्ता दिइनेछैन ।

## परिच्छेव ५

## अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्य प्रकृया

(२१) अनुगमन समितिको कार्यप्रक्याः (१) नगरसभाले स्वीकृत गरेका र संघ तथा प्रदेशबाट हस्तान्तरित आयोजना तथा कार्यक्रमको बार्षिक विषयगत अनुगमन तालिका अनुसूची ८ बमोजिम योजना तथा अनुगमन शाखाले तयार पार्नेछ ।

(२) उपदफा १ बमोजिम तयार पारिएको अनुगमन तालिका उपसमिति गठन भएको खण्डमा विषयगत रुपमा उपसमितिहरुलाई प्रदान गरिनेछ ।

(३) अनुगमन तालिका अनुसार अनुगमन समिति आफै वा समितिका सदस्यलाई तोकी जिम्मेवारी बाडफाड्का आधारमा अनुगमन गर्न गराउन सक्नेछ ।

(४) उपदफा ३ बमोजिम अनुगमन गर्दा कुनै त्रुटी वा समस्या देखिएमा समितिले संयुक्त रुपमा अनुगमन गर्न सक्नेछ ।

(५) अनुगमन कार्यमा कुनै त्रुटी देखिएमा सुधारका लागि सुझाव दिने, आवश्यक निर्देशन दिने एव प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस समेत गर्न सक्नेछ ।

(६) अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरुमा उपभोक्ता समिति, निर्माण र अन्य संघसंस्थाहरुको कमीकमजोरी देखिएमा सुधारका लागि सुझाव दिने, आवश्यक निर्देशन दिने एवं प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस समेत गर्न सक्नेछ ।

(२२) उपसमिति र वडा समितिको कार्यप्रक्रियाः समितिले प्रदान गरेको अनुगमन तालिका अनुसार अनुगमनको कममा कुनै त्रुटि देखिएमा दफा (२१) अनुसारको प्रक्रिया अवलम्बन गरी आवश्यक कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद- ६
## खारेजी तथा बचाउ सम्बन्धिव्यवस्थाः

(२३) यो कार्यविधि लागु हुन अगावै गठन भएको समिति र त्यसले गरेको कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२४) यो कार्यविधि बमोजिम समितिको संयोजक वा सदस्यहरुले खराव नियत राखी अधिकारको दुरुपयोग गरेको प्रमाणित गर्ने प्रमाणहरु पाइएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि कार्यपालिकाले सिफारिस गर्नुका साथै समितिका सदश्य र खराब मनशायले दिएको प्रतिवेदन खारेज गर्न सक्नेछ ।

(२५) यो कार्यबिधि बमोजिम उपसमिति र वडा समितिको संयोजक वा सदस्यहरुले खराव नियत राखी अधिकारको दुरुपयोग गरेको प्रमाणित गर्ने प्रमाणहरु पाइएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि समितिले कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ । र उपसमिति र वडा समिति पुन गठन गर्न सकिनेछ ।

(२६) यो कार्यविधिलाई आवश्यकता अनुशार संसोधन गर्ने वा खारेजगर्ने अधिकार नगर कार्यपालिकामा मात्र निहित हुने छ ।

हरिपुर नगरपालिका

**अनुसूची १**

**दफा १० (क) संग सम्बन्धित**

अनुगमन निर्देशन अभिलेख

उपभोक्ता समिति र निर्माण व्यवसायी आयोजना

हरिपुर नगरपालिका, हरिपुर , सर्लाही ।

आर्थिक बर्ष......................... मा स्वीकृत वार्षिक कार्यक्रमअनुसार यस नगरपालिकाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समितिका संयोजक श्री ....................उपप्रमुख ज्यूको संयोजकत्वमा गरिएको स्थलगत अनुगमन र निर्देशनहरुको अभिलेख देहाय बमोजिम रहेको छ ।

**देहायः**

आ.व.

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | स्थलगत अनुगमन गरिएको मिति | दिइएका सुझावहरु संख्या | निर्देशन | पाना नं. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |

हरिपुर नगरपालिका

**अनुसूची २**

**दफा १०(ग) संग सम्वन्धित**

मिति :

श्री हरिपुर नगरपालिका, हरिपुर सर्लाही ।

विषयः अनुगमन निर्देशन प्रतिवेदन

क) आयोजना सम्बन्धी विवरण

१) अनुगमन गरेको मितिः

२) आयोजनाको नामः

३) आयोजना निर्माण स्थल  हरिपुर नगरपालिका वडा नं. ......................... स्थान ...........

४) बजेट व्यवस्थापन

५) आयोजनाको भौगोलिक अवस्थीति देशान्तर आक्षांश उचाइ सडक र सिंचाइ र गोरेटो र ट्रेकीङ ट्रेल भए जि पि एस ट्याक लाइन राख्ने

६) आयोजना संझौता गरेको मिति

७) आयोजना सम्पन्न गर्नु पर्ने मित

८) आयोजना शुरु भएको मिति

९) क) आयोजना सम्पन्न भएको मिति

ख) आयोजनाको लागत सम्बन्धी विवरण

(१) आयोजनाको कुल लागत रु.

(२) आयोजनाको अनुदान रकम रु.

(३) आयोजनाको सम्झौता रकम रु.

(४) उपभोक्ताबाट हुने श्रमदान रु.

ग) उपभोक्ता समिति र निर्माण व्यवसायी सम्बन्धी विवरण

१) उपभोक्ता समिति वा निर्माण कम्पनिको नाम

२) उपभोक्ता सिमितका अध्यक्ष वा निर्माण व्यवसायीको नाम

३) निर्माण उपभोक्ता सिमितका पदाधिकारीहरुको संख्या

महीला.............                                पुरुष......................

दलीत....................                                जनजाती.................... अन्य................

४) आयोजनाबाट लाभान्वि परिवार संख्या

घ) प्राविधिक रेखदेख सम्बन्धि विवरण

१) आयोजना रेखदेख गर्ने प्राविधकको नाम

२) पद

३) आयोजना संझौता पस्चात प्राविधिकबाट सल्लाह, सुझाव प्राप्त भएको छ र छैन ?

४) प्राविधिकबाट रेख, देख, सल्लाह, सुझाव प्राप्त भएको भए कति पटक भयो ?

५) प्राविधिकचाट रेख, देख, सल्लाह, सुझाव प्रत्यक्षा वा फोनबाट ?

६) प्राविधिकबाट प्राप्त सुझाव कार्यान्वयन भयो की भएन ?

७) प्राविधिकबाट प्राप्त सुझाव कार्यान्वयन नभएको भए कीन भएन ?

ङ) आयोजना निर्माणको क्षेत्रमा शुशासन सम्बन्धि विवरण

१) आयोजना निर्माणस्थलमा आयोजना निर्माण सम्बन्धि सूचना वोर्ड राखेको छ र छ ?

२) आयोजना अनुगमन सिमित गठन भएको छ र छैन ? भए कति पटक अनुगमन गरीएको छ ?

३) आयोजनाको लागी फिल्ड रजिष्टर राखीएको छ र छैन ?

४) आयोजना निर्माण उपभोक्ता सिमितको वैठक हुन्छ कि हुन्न? भए बैठक संख्या

५ ) उपभोक्ता समितिको बैठकमा जनप्रतिनिधिहरु र उपभोक्ता र सरोकारवालाहरुको सहभागीता हुन्छ कि हुन्न ?

६) उपभोक्ता सिमितको वैठकको निर्णय सार्वजानिक हुन्छ कि हुन्न ? हुन्छ भनेर कसरी ?

७) निर्माण कार्यलाइ सहज बनाउन उप समितिहरु बनाइएको छ कि छैन ?

यस कार्यालयबाट मिति ............ मा सम्झौता भएर सञ्चालनमा रहेको र सो आयोजनाको मिति... समितिका संयोजक.. गतेका दिन यस नगरपालिकाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण ज्यूको संयोजकत्वमा स्थलगत निरीक्षण सम्पन्न भयो । स्थलगत निरीक्षण पश्चात सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई देहाय बमोजिमको लिखित निर्देशन सहितको सुझाब सहित सुधारका लागि आवश्यक निर्देशन दिइयो ।

देहायः आ.व.

सि.नं. कामको विवरण उपभाक्ता समिति वा निर्माण व्यवसायीको कार्य प्रतिको सन्तुष्टि प्रतिशतमा उल्लेख गर्ने दिइएका सुझावहरु थप निर्देशन कैफियत

१

२

३

स्थलगत निरीक्षण गर्नेः

संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

सदस्य सचिवः

प्रमाणित गर्नेः

अनुगमन समिति र उप समितिको संयोजक

हरिपुर नगरपालिका, हरिपुर सर्लाही

हरिपुर नगरपालिका

**<u>अनुसूची ३</u>**

**दफा १०(घ) संग सम्बन्धित**

**फरफारक सिफारिस पत्र**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

हरिपुर नगरपालिका, हरिपुर सर्लाही ।

विषयः फरफारकका लागि सिफारिस गरिएको बारे ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति.............. गते देखि ................ गतेसम्म आ.व. २०.......... मा सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण कार्यविधि बमोजिमको समितिको उपस्थितिमा सम्पन्न गरियो । स्थलगत निरीक्षण गर्दा निर्माण कार्य सन्तोषजनक पाइएकोले प्राविधिकको बिल बमोजिमको रकम सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई भुक्तानीका लागि अनुरोध छ ।

देहायः

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | सम्झौता मिति | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

...............................

संयोजक

अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समिति

हरिपुर नगरपालिका, हरिपुर सर्लाही

हरिपुर नगरपालिका

**अनुसूची ४**

**दफा १०(च) संग सम्बन्धित**

**चौमासिक अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने प्रयोजनको लागि**

मितिः

श्रीमान् प्रमुखज्यू
नगर कार्यपालिका
हरिपुर नगरपालिका हरिपुर सर्लाही

विषयः चौमासिक अनुगमन प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ।व मा सञ्चालनमा रहेका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण यस हरिपुर नगरपालिकाको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि २०८१ बमोजिम अनुगमन गर्दा देहाय बमोजिमको प्रतिवेदन कायम हुनआएको व्यहोरा अनुरोध छ ।

**देहायः**

सि.नं. अनुगमन गरिएका आयोजनाको संख्या दिइएका सुझावहरुको संख्या सुझाव तथा निर्देशन पालनाको अवस्था न्यायिकसमितिमा सिफारिस गरिएका आयोजनाको संख्या समग्र प्रगती कैफियत

१.

सदस्यसचिव
अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण समिति

संयोजक अनुगमन, निरीक्षण तथा
सुपरीवेक्षण समिति
हरिपुर नगरपालिका, हरिपुर सर्लाही

**अनुसूची ५**

**दफा ११(४) संग सम्बन्धित**



हरिपुर नगरपालिका

## अनुगमन प्रतिवेदन

.....नं वडा कार्यालय

हरिपुर सर्लाही

बडास्तरीय अनुगमन समितिले मासीक रुपमा नगर स्तरीय अनुगमन सिमितमा बुझाउने यस कार्यालयको मिति............. गते देखि गतेसम्म आर्थिक बर्ष मा सञ्चालनमा रहेका देहाय बमोजिमका योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षण कार्यविधि बमोजिमको समितिको उपस्थितिमा सम्पन्न गरियो । स्थलगत निरीक्षणबाट सम्बन्धित उपभोक्ता समितिलाई देहाय बमोजिमका सुझाबहरु सहित सुधारका लागि आवश्यक निर्देशन दिइयो ।

देहायः

आर्थिक वर्ष

सि.नं, आयोजनाको नाम र ठेगाना, स्थलगत अनुगमन गरिएको मिति, उपभोक्ता समितिको कार्य प्रतिको सन्तुष्टि (प्रतिशतमा उल्लेख गर्ने), दिइएका सुझावहरु, थप निर्देशन र कैफियत

१
२
३

स्थलगत निरीक्षण गर्नेः

संयोजकः

सदस्य

सदस्यः

सदस्यः

सदस्य (सचिवः

प्रमाणित गर्नेः
अनुगमन समितिको संयोजक
वडा नं. को कार्यालय
हरिपुर नगरपालिका, हरिपुर
सर्लाही

## अनुसूची ६

हरिपुर नगरपालिका

### दफा ११(५) संग सम्वन्धित

### वडास्तरिय/ नगरस्तरिय अनुगमन समितिको भत्ता भुक्तानीका लागि पेश गरिने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
हरिपुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही ।

विषयः वडा स्तरिय अनुगमन समितिको भत्ता भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा हरिपुर नगरपालिकाको अनुगमन, उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१ बमोजिम वडा स्तरिय/ नगर स्तरिय अनुगमन तथा निरिक्षण समितिले नियमानुसार पाउनुपर्ने भत्ताका लागि अनुगमन समितिको निर्णयको प्रतिलिपि पाना स्थलगत निरीक्षण गर्दाका फोटोहरु प्रति र योजना तथा अनुगमन शाखाबाट प्रमाणित अनुगमन प्रतिवेदन सहित यो निवेदन पेश गरेका छौं। नियमानुसार पाउनुपर्ने भत्ता भुक्तानीका लागि अनुरोध छ ।

| | |
|---|---|
| सदस्य सचिव | संयोजक |
| सदस्य वडास्तरिय/ नगरस्तरिय अनुगमन समिति | सदस्य |
| वडा नं | सदस्य |
| हरिपुर नगरपालिका हरिपुर सर्लाही । | सदस्य |

### अनुसूची ७

### दफा १६ संग सम्वन्धित

हरिपुर नगरपालिका

## उजुरी तथा गुनासो दती निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
हरिपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय हरिपुर सर्लाही ।

विषय : सिकायत सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट आर्थिक वष मा सञ्चालि योजनमा पाइएकोले सोको स्थलगत अनुगमन निरिक्षण गरि छानविन गरी सत्यतथ्य बुझी पाउँ ।

निवेदक
नाम :
ठेगाना :
सम्पर्क नं.
हस्ताक्षर :

(पुनश्चः गुनासो दर्ता लिखित र मौखिक दुबै रुपमा गर्न सकिनेछ भने उजुरी दर्ता लिखित मात्रै गर्न सकिनेछ । साथै निवेदकको नाम निवेदकको आग्रहमा गोप्य समेत राख्न सकिनेछ ।)

हरिपुर नगरपालिका

## अनुसूची ८
## दफा २१(१) संग सम्वन्धित
## वार्षिक विषयगत अनुगमन तालिकाको ढाँचा

| क्र.सं. | अनुगमनको | वडा नं. | अनुगमन | अनुगमनकर्ताहरुको | अनुगमनको | कैफियत |
|---|---|---|---|---|---|---|

| | विषयक्षेत्र | | हुने दिन | संख्या | समय | |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |

हरिपुर नगरपालिका

| ...................... | ........................... | ........................... |
|---|---|---|
| पेश गर्नेः | सिफारिस गर्नेः | सदर गर्नेः |
| योजना तथा अनुगमन शाखा प्रमुख | प्राविधिक शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |